# फिदिम नगर कार्यपालिका बैठक

बैठक संख्याः- ६५
बैठक मितिः २०७९/०२/१५

नेपालको संविधानको धारा २१४ (क) मा नगरपालिकाको कार्यकारिणी कार्य सञ्चालन नगर कार्यपालिकाको नाममा हुने व्यवस्था भएकोले फिदिम नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ को दफा १० बमोजिम नगर कार्यपालिकाका प्रमुख मित्र प्रसाद काफ्ले ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बैठक बसी देहाय अनुसार निर्णयहरु गरियो ।

**देहायः**

प्रमुख श्री मित्र प्रसाद काफ्ले
उपप्रमुख श्री राधा कृष्णा न्यौपाने
सदस्य श्री गजा धर भट्टाराई
सदस्य श्री दिनानाथ अधिकारी
सदस्य श्री नरेन्द्र गुरुङ
सदस्य श्री उपेन्द्र लावती
सदस्य श्री भरत तुम्बापो
सदस्य श्री विपन तुम्रोक
सदस्य श्री रुपेन्द्र तामाङ्ग
सदस्य श्री सोम बहादुर गुरुङ्ग
सदस्य श्री गंगा प्रसाद राई
सदस्य श्री ओम राज थाम्सुहाङ
सदस्य श्री राजेन्द्र कुमार थापा
सदस्य श्री कमल प्रसाद चापागाई
सदस्य श्री दिल कुमार नेम्बाङ्ग
सदस्य श्री राज कुमार नेम्वाङ्ग
सचिव श्री गणेश प्रसाद दाहाल

बैठक संख्याः- ६५ बैठक मितिः- २०७८।०२।१५

प्रस्ताव पेश गर्ने अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०२।१३

प्रस्ताव नं.- १

विषयः– **आ.व.२०७९/८० को बजेट सीमा, मार्गदर्शन र योजना तथा कार्यक्रम तर्जुमा सम्बन्धमा।**

१. विषय र विषयको संक्षिप्त व्यहोराः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५-६७ तथा स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७८ बमोजिम हरेक बर्ष नगरपालिकाको बजेटसीमा, मार्गदर्शन र बार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने व्यवस्था छ। आ.व. २०७९/८० को बार्षिक योजना तथा बजेट तर्जुमा गर्न निर्धारित समयतालिका भित्र तोकिएको प्रकृया र चरण अनुसार सम्पादन गर्न आवश्यक पर्ने बजेट सीमा र मार्गदर्शन श्रोत अनुमान तथा बजेटसीमा निर्धारण समितिले तोकिसकेको हुँदा सो अनुसार गर्न गराउन सबै वडा र विषयगत समितिलाई निर्देशन दिनुपर्ने।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा:

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६५ बमोजिम फिदिम नगरपालिकाको राजश्व परामर्श समितिको प्रतिवेदन अनुसार आन्तरिक आय रू २ करोड ७४ लाख ५० हजार निर्धारण भइसकेको छ। चालु आ.व.मा खर्च नभइ सर्ने नगद मौज्दात रकम रू २ करोड अनुमान गरिएको छ। यसै गरी संघीय सरकारबाट र प्रदेश सरकारबाट बजेटसीमा प्राप्त भइसकेको छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

कानून बमोजिम बजेटसीमा निर्धारण गरी यसबाट खर्च गर्ने सीमा प्रशासनिक खर्च र विकास खर्चको समेत सीमा निर्धारण गर्ने। विकास खर्चको सीमा वडास्तर र नगरस्तर गरी २ तहमा सीमा निर्धारण गर्नुपर्ने। विकासमा पनि चालु र पुँजीगत खर्च र त्यसको विनियोजन मार्गदर्शन वडासमिति र विषयगत समितिमा दिनुपर्ने। सो सीमा र मार्गदर्शन भित्र रही वडा समिति र विषयगत योजना तर्जुमा समितिले कार्यक्रम तर्जुमा गर्ने। वडा समिति र विषयगत समितिले बजेट तथा योजना तर्जुमा समितिमा पेश गर्नुपर्ने। सो समितिले पेश गरेको बजेट तथा कार्यक्रम कार्यपालिकाले पारित गरी नगरसभामा असार १० गते भित्र पेश गर्नुपर्ने हुन्छ। असार मसान्त भित्र बजेट तथा कार्यक्रम नगरसभाबाट पारित गरी कार्यान्वयनमा जानुपर्ने व्यवस्था छ। यसैको लागि कार्यतालिका बमोजिम सबै संरचनाले बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने गरी निर्धारण गरिएको बजेटसीमा र मार्गदर्शनअनुसार कार्य गर्नुपर्ने हुन्छ।

४. निर्णय हुनुपर्ने व्यहोराः

क) राजश्व परामर्श समितिले पेश गरेको समितिको प्रतिवेदन २०७९ अनुमोदन गर्ने र आन्तरिक आय रु. २,७४,५०,०००/-, मौज्दात रु. २,००,००,०००/- सहित आ.व. ०७९/८० को लागि फिदिम नगरपालिकाको कुल बजेट रु. १,०६,५४,४५,७२०/- निर्धारण गर्ने।

ख) आगामी आर्थिक वर्षको आन्तरिक आयतर्फको ठेक्का व्यवस्थापन गर्न देहायअनुसार न्यूनतम ठेक अंक निर्धारण गरी आगामी सन्निकट नगर सभाबाट अनुमोदन गराउने।

- पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर (रमिते भ्यूटावर) : रु. ३,००,०००/-
- नगर निकासी: रु. ५,००,०००/-

ग) संघ, प्रदेश र चालु आ.व.को मौज्दात सहितको आगामी आ.व.का लागि निर्धारित कुल श्रोत अनुमान अनुमोदन गर्ने।

घ) आगामी आ.व. का लागि निर्धारण गरिएको बार्षिक बजेटसीमा र मार्गदर्शन पारित गरि सबै तहबाट समयबद्ध कार्यान्वयन गर्ने गराउने।

बैठक संख्या:- ६५ बैठक मिति:- २०७८।०२।१५

प्रस्ताव पेश गर्ने अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०२।१३

प्रस्ताव नं.- २

विषयः– **स्वास्थ्य सेवा सञ्चालन अनुमति सम्बन्धमा।**

१. विषय र विषयको संक्षिप्त व्यहोराः
गणेशमान सिंह स्वास्थ्य सहकारी संस्था लि., फिदिम ०१, पाँचथरको च.नं.०९, मिति २०७८/१०/१० को पत्रबाट फिदिम ०१, पाँचथर मा पन्ध्र(१५) शैय्याको गणेशमान सिंह सामुदायिक अस्पताल सञ्चालनका लागि पूर्वाधार निर्माण कार्य गरिसकेको हुँदा सञ्चालन अनुमति प्रदान गरिदिनुहुन भनी माग निवेदन पेश गरेको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः
स्थानीय तहमा स्थास्थ्य संस्था दर्ता,अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका,२०७६ को दफा ५ मा सञ्चालन अनुमति सम्बन्धी व्यवस्था रहेको छ।पूर्वाधार निर्माण कार्य सम्पन्न भएको स्वास्थ्य संस्थाको स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्न उपयुक्त भए नभएको रायसहितको प्रतिवेदन पेश गर्न अनुगमन समिति गठन गर्नुपर्ने हुन्छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः
अस्पताल सञ्चालनको लागि प्रचलित कानूनअनुसार निर्धारण भएको मापदण्डहरु पूरा भए नभएको अनुगमन गर्ने प्राविधिक विज्ञता भएको पर्याप्त जनशक्ति नगर कार्यपालिकाको कार्यालयमा नभएको अवस्था छ। जिल्ला स्वास्थ्य कार्यालयबाट आवश्यकताअनुसार अन्य निकायसँग समेतको समन्वयमा अनुगमन गरी प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउँदा स्वास्थ्यको क्षेत्रमा कार्य गर्ने निकायहरुको विज्ञताको समेत उपयोग हुन सक्दछ।

४. निर्णय हुनुपर्ने व्यहोराः
स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नती मापदण्डसम्बन्धी निर्देशिका ,२०७० र स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका,२०७६ ले निर्दिष्ट गरेका सूचकहरुको आधारमा स्थलगत अनुगमन गरी स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्न उपयुक्त भए नभएको राय सहितको अध्ययन प्रतिवेदन पन्ध्र दिनभित्र पेश गर्ने व्यवस्थाका लागि जिल्ला स्वास्थ्य कार्यालय,पाँचथरलाई अनुरोध गर्ने।

बैठक संख्याः- ६५

बैठक मितिः- २०७८।०२।१५

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०२।१३

प्रस्ताव नं.- ३

विषयः– **विषयगत समितिहरुको गठन सम्बन्धमा।**

१. विषय र विषयको संक्षिप्त व्यहोराः

कार्यपालिकामा निर्णयका लागि पेश भएका प्रस्तावमा निर्णय गर्नुपूर्व आवश्यकताअनुसार राय, सल्लाह र सुझाव लिनका लागि रहने विषयगत समितिहरुको व्यवस्था फिदिम नगरपालिका नगर कार्यपालिका(कार्यसम्पादन) नियमावली, २०७४ को दफा १५ मा गरिएको छ। सोअनुसार सार्वजनिक सेवा तथा क्षमता विकास समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति र विधेयक समितिको गठन गर्नुपर्ने भएको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा:

सम्बन्धित समितिमा रहने संयोजक प्रमुखले तोकेबमोजिम र सदस्यहरु कार्यपालिकाले तोकेबमोजिम रहने व्यस्था रहेको छ। समितिमा रहने सदस्यहरु चयन गर्ने सम्बन्धमा कुनै व्यवस्था नगरिएकोले सदस्यहरुको रुचि, क्षमता र आकाङ्क्षाको आधारमा गरिनु वैज्ञानिक हुने देखिन्छ। समितिमा रहने सदस्य संख्या यति नै हुनुपर्ने भन्ने व्यवस्था छैन। निर्णय प्रकृयालाई छिटो,छरितो एवं प्रभावकारी हुने प्रकारले समितिको आकार निर्धारण गर्नु उपयुक्त हुन्छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

कुनै कुनै विषयहरु नगरकार्यपालिकाको बैठक समक्ष पेश गरिनुअघि अनिवार्य रुपमा विषयगत समितिमा छलफल गरिनुपर्ने भएको र नगर कार्यपालिकाका कार्यहरुलाई व्यवस्थित एवं प्रभावकारी बनाउन विषयगत समितिले सहयोग गर्ने भएकोले

४. निर्णय हुनुपर्ने व्यहोराः

फिदिम नगरपालिका नगर कार्यपालिका(कार्यसम्पादन) नियमावली, २०७४ को दफा १५ मा भएबमोजिमको कार्यपालिका समितिहरु/विषयगत समितिहरु प्रत्येक समिति पाँच सदस्यीय रहने गरी देहायअनुसार गठन गर्ने निर्णय भयो।

क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति

१) संयोजक- श्री गंगा बहादुर राई

२) सदस्य- श्री पूर्ण लावती

३) सदस्य- श्री मञ्जु धमला

ख) आर्थिक विकास समिति

१) संयोजक- श्री नरेन्द्र गुरुङ

२) सदस्य- श्री डिल्ली कुमार राई

३) सदस्य- श्री जितेश राई

४) सदस्य- श्री प्रदिप बाँस्कोटा

ग) सामाजिक विकास समिति

१) संयोजक- श्री राज कुमार नेम्बाङ

२) सदस्य- श्री मानबहादुर जवेगु

३) सदस्य- श्री जानुका श्रेष्ठ
४) सदस्य- श्री सिमा तुम्बापो

घ) पूर्वाधार विकास समिति
१) संयोजक – श्री भरत तुम्बापो
२) सदस्य- श्री सोम बहादुर गुरुङ
३) सदस्य- श्री बलबहादुर राई
४) सदस्य- श्री हिम ओती जवेगू
५) सदस्य- श्री तेजहाङ तुम्रोक

ङ) वातावरण तथा विपद् व्यवस्थापन समिति
१) संयोजक- श्री दिल कुमार नेम्बाङ
२) सदस्य- श्री यामकुमार आङ्बो
३) सदस्य- श्री मणि कुमार थाम्सुहाङ
४) सदस्य- श्री नविन ओझा

च) विधेयक समिति
१) संयोजक- श्री रुपेन्द्र तामाङ
२) सदस्य- श्री विपन तुम्रोक
३) सदस्य- श्री राम बहादुर राई
४) सदस्य- श्री कविरमान तुम्बापो

वैठक संख्याः- ६५

वैठक मितिः- २०७९।०२।१५

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०२।१३

प्रस्ताव नं.- ४

विषयः– **सहकारीहरुको अनुगमन सम्बन्धमा।**

१. विषय र विषयको संक्षिप्त व्यहोराः

फिदिम नगरपालिकाको चालु आ.व. २०७८/७९ को स्वीकृत वार्षिक बजेटको सि.नं. ९५ मा रकम रु. एकलाख विनियोजन भएको छ। सहकारी संस्थामा अनियमितता एवं आर्थिक दुर्घटनाको सम्भावना बढी भएकाले यी संस्थाहरूमा वित्तीय अनुशासन कायम गर्ने र संस्थाको प्रभावकारी सञ्चालन गर्ने उदेश्यले विनियोजन गरिएको हो । विनियोजित बजेट खर्च गर्न आवश्यक अनुगमन निर्देशिका फिदिम नगरपालिकाले तयार गरेको छैन।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

बचत तथा ऋण सहकारीमा प्रभावकारी अनुमन नहुँदा संस्थाहरू समस्याग्रस्त हुने, व्यवस्थापक र संचालकले रकम हिनामिना गर्ने घटनाले सहकारीमा रहेको सर्वसाधारणको बचत जोखिममा पर्दै आएको छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

कार्यक्षेत्र फिदिम नगरपालिका भएका सहकारीहरुहरुको नियमित अनुगमन गरी एउटा सहकारीमा भएका असल अभ्यासहरु अर्को सहकारीले अनुकरण गरी सिकाई आदानप्रदान हुने वातावरण सृजना गर्न र सहकारी संस्थाहरुमा भएका समस्याहरुको पहिचान गर्न । साथै, सहकारी अनुगमनमा भएको विनियोजनलाई खर्च गर्नेतर्फ मार्गप्रशस्त गर्न।

४. निर्णय हुनुपर्ने व्यहोराः

सहकारी संस्थाहरुको अनुगमन गर्नको लागि फिदिम नगरपालिकाको अनुगमन निर्देशिका तयार भई नसकेको हालको अवस्थामा सहकारी विभाग र सहकारी रजिष्टारको कार्यालय, प्रदेश नं १ ले जारी गरेको निर्देशिका अनुसार नै सहकारी अनुगमन कार्य लाई व्यवस्थित गर्ने ।